# आठविसकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### आठविसकोट, रुकुम(पश्चिम )
### कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मिति : २०७५/०४/०१

**_मौजुदा सूचीमा दर्ता हुन आउने सम्बन्धी_**

**_सूचना । सूचना ॥ सूचना ॥।_**

**_(प्रथम पटक प्रकाशित मिति २०७५/०४/०१)_**

यस कार्यालयको कार्यालय प्रयोजनको लागि तपसिलमा उल्लेख भएअनुसारको योग्यता भएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट तपसिल बमोजिमका मालसामान खरिद गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले एक महिनाभित्र आवश्यक कागजातसहित निवेदन यस कार्यालयमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ ।

<u>तपसिल</u>

१. खरिदको लागि उपलब्ध गराउनुपर्ने मालसामानहरु :-फर्निचर फिनिसीङ, सप्लाईर्स तथा मर्मत(टेबुल, दराज, कुर्सी, डसना, सोफा सेट आदि), कम्प्युटर तथा विद्युतीय सामग्रीहरु( कम्प्युटर, प्रिन्टर, ल्याप्टप, टेलिभिजन, टेलिफोन सेट, फ्रिज आदि), मसलन्द तथा कार्यालय सञ्चालन सम्बन्धि मालसामानहरु, छपाईसम्बन्धी सामग्री, सूचना प्रकाशन तथा विज्ञापन, आवश्यकताअनुसार अन्य सामग्रीहरु, निर्माण कार्य, परामर्श सेवा तथा अन्य सेवासंग सम्बन्धित कार्यहरु

२. योग्यता :-स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने, कर चुक्ता प्रमाणपत्र, व्यवसाय दर्ता नवीकरण कार्यालयलाई आवश्यक परेको खण्डमा तत्काल मालसामान उपलब्ध गराउन जगेडा पार्टपूर्जाको उपलब्धता, पेशागत कसूर गरे बापतको कुनै सजाय नपाएको तथा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार तोकिएका अन्य योग्यताहरु ।

३. सूची मान्य हुने अवधि :-आ.व. २०७५/०७६ को असार मसान्तसम्म ।

४. सूची अद्यावधिक गर्ने कार्यविधि :-कार्यालयले सूचना प्रकाशित गरेअनुसार ।

५. निवेदन :-सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची-२क. मा व्यवस्था भएअनुसारको मौजुदा सूचीमा दर्ता हुनको लागि दिईने निवेदनको ढाँचामा निवेदन दिनुपर्ने छ ।

रामबहादुर के.सी.

नि. प्रमुख प्रशासकीय अधिकृत

Created by Universal Document Converter